# भजनी नगरपालिकाको

# आ.व.२०७८/०७९ को

# सार्वजनिक सुनुवाइको प्रतिवेदन

पेश गर्ने

## नेपाल पत्रकार महासंघ कैलाली

## यसभित्र ..........

सार्वजनिक सुनुवाईको प्रतिवेदन
सहजकर्ताको सुझाव
कार्यक्रमको फोटो
नागरिक बहिर्गमन अभिमतको नतिजा
नागरिक प्रतिवेदन पत्रको नतिजा
कार्यक्रम तालिका

# भजनी नगरपालिकाको आ.व. २०७८/०७९ को
## सार्वजनिक सुनुवाइ सम्वन्धी रिपोर्टिङ्ग
## २०७९ असार २०

कार्यक्रम आयोजना स्थल :– भजनी नगरपालिकाको कार्यालय भजनी कैलाली

कार्यक्रम सहजकर्ता : एकिन्द्र तिमिल्सेना

कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७९ साल असार २० गते दिउँसो २: ४५ बजेदेखि ६:०३ सम्म

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ३ घण्टा १८ मिनेट

उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क.स. | प्रश्न/गुनासो कर्ता | प्रश्न, गुनासो, सुझाव ? | जवाफदिने | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | रामकृष्ण चौधरी | नगरपालिकाको ९ औ नगरसभाबाट पशु पालनका लागि ११ लाख विनियोजन भयो, १० औ नगरसभामा काटियो ,२०७९ जेठमा सुचना प्रकासन भयो, माग आवेदन भरियो तर सुनुवाई भएन, टिप्पणी उठाएर ११ लाख फ्रिज जाने भयो के कति कारण हो ? | हरिलाल जैसी (पशु शाखा) | सुचना निकालेर प्रक्रिया शुरु भएको । अन्तिममा निर्णय भएको । कृषि शाखाको संयोजक जिम्मेवार रहेको । त्यसपछि आफुलाई थाहा नभएका |
| | गोकर्ण भण्डारी | प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे मेसिन छैन, एम्बुलेन्स विग्रिएको छ ।<br>योजना कार्यान्वय गरे वापत प्राविधिकलाई कति रकम दिनु पर्छ ?<br>पशुहरुको कृत्रिम गर्भाधारण उपलब्धि शुन्य छ । कार्यान्वयन फितलो रहेको छ | कैलाश चौधरी (स्वास्थ्य शाखा)<br><br>(पशु शाखा | पीएससीको मेसिन बिग्रेको<br>बजेट कम छ प्राथमिक स्वास्थ्य चौकीमा डिजीटल सीआर र नेबुलाइजर मेसिन केहि दिनमा शुरु हुने ।<br>स्वास्थ्यमा ७५ लाख भए नमुना योय बन्ने, एम्बुलेन्सको भाडादरमा मनपरि गर्न नमिल्ने । पुरानो बिल पर्छौट हुनु पर्ने ।<br>नगरले प्राथमिकता दिनु पर्ने ।<br>एम्बुलेन्समा नाफा कम रहेको २ जना पोष्टमार्टम डाक्टर आवश्यक ।<br>एम्बुलेन्स चल्ती अवस्थामा छ । चाकल ज्यालादारीमा रहेको छ ।<br>गाई भैसीको लागि सम्झौता प्रक्रियामा रहेको थियो ।<br>कृत्रिम गर्भाधानको लागि डिजिटलमेसिन ल्याउने, बाखामा ९५ प्रतिशत सफल, गर्भाधानको लागि पशुको उचित समयमा ध्यान दिन आग्रह । |
| | डा. सुरेश | नगरपालिका प्रशासकिय | प्रमुख | • कमीकम्जोरी सुधार गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | ताम्राकार प्रा.स्वा.के. | अधिकृत जिम्मेवार बन्नु पर्ने, स्वास्थ्यमा बजेट किन कम ? | प्रशासकिय अधिकृत | • राजश्व संकलनमा कमी भएर । |
| ४. | जगदिश काफ्ले | किसानले समयमा मल नपाउन, उत्पादनले मुल्य नपाउनु, अनुदानको कार्यक्रमसमयमा संचालन नहुनु, उपलब्धताको लागि सुचना प्रवाह हुदैन किन ? | कलम चौधरी( कृषिशाखा) | • वर्षात सिजनमा रासायनिक मल ढिलो गरि आउदा सबैले नपाएको। <br>• संघिय सरकारले उपलब्ध गराउने ,आफुहरुको पहल मात्र रहने <br>• युरिया, डिएपी मलको लागि सहजीकरण गर्दा एक सहकारीलाई २ सय ३३ बोरा भाग पर्दा किसानलाईसमस्या भएको <br>• |
| ५. | प्रकाश साँउद | • जेष्ठ नागरिक भत्ता किन पाउदैनन् <br>• योजना छनौट हुदा आफनो मान्छेहरुको भेला हुने । <br>• माछा पालनमा १६ लाख किन घटेर आयो ? | | वितरणको जिम्मा वडालाई दिइएको छ <br>उपभोक्ता गठन , विकासमा नागरिक सक्रियता हुनु पर्ने <br>हाम्रो काम हो भनेर प्रयास गरे सुधार हुन्छ <br><br>ब्लक कार्यक्रम गत वर्ष प्याकेज १५ लाख आहिले छनौट गर्दा दोस्रो क्याटोगोरमा रहेको, प्राविधिक रुपमा छनौटमा नपरेको । |
| ६. | देशराज डगौरा | मुक्त कमैयालाई छात्रवृत्ति किन भएन ? <br>कति कक्षा सम्म छात्रवृत्ति पाइन्छ ? | पंख शाह | मुक्त कमैयालाई उच्च शिक्षाका लागि दिइने सुचना मार्फत दिइरहेको । <br>८१ जनालाई दिएको छ । कक्षा १ देखि ८ सम्म पढ्ने सबैलाई ५ सयका दरले सर्शत बजेटबाट । अन्य निशर्त वजेट हो । |
| ७. | हेमेन्द्र भारद्वाज | सार्वजनिक सुनुवाईमा वडाअध्यक्षहरु किन आएनन् ? <br>जनताप्रति जवाफदेहि भएन <br>झरन सरसफाई कहाँ भयो ? राप्ती नाला सरसफाई किन भएन ? <br>१८४ कर्मचारी मध्ये स्थायी कति जना छन् । | नगरप्रमुख केवल <br><br><br><br>ग्रीष्म जोशी (इन्जिनीयर) <br>जीवन चौधरी युवा स्वरोजगार) | १देखि ९ वडा सम्मका वडा अध्यक्षहरु किन आउनु भएन दुःखी छु । <br>युवा स्वरोजार कार्यक्रम मार्फत भयो । <br>राप्ती नाला सरसफाई गत वर्ष भयो । <br>गत वर्ष ३० किलोमिटर सरसफाई भयो । <br>काडा देखि मोहना सम्म झरन १९०० मिटर <br>राप्ती नाला सरसफाई भएन । |
| ८. | खड्कसिह बुढा | विकासका योजनामा उपभोक्ता र ठेकेदार मार्फत हुने गरेको <br>उपभोक्ता समिति बनाएर किन काम गरिन्छ । उपभोक्ताहरु अन्यौलमा रहेर काम गर्ने गर्दछन् । | झनक ओझा | स्टेमेट अनुसार काम नहुने । <br>वडा अध्यक्ष र सदस्य पार्दशिता हुनु पर्छ । <br>टिमवर्क हुनु पर्ने । <br>सबै पक्षहरु सक्रिय रुपमा काम गर्ने <br>काम नभए पैसा काटिने । उपभोक्तादे काम नगरि पैसा खोज्ने । <br>ढुवानीको लागि किलोमटिरका दरले दिने ग्राबेलमा फरक दररेट रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | ३० लाखको कार्यक्रममा १५ लाख हराउछ , सतप्रतिसत कार्यक्रम किन हुदैन् ।<br>झोलुङ्गे पुल ३ वर्षमा , १२ वर्षमा ठेकी पुल बनेन जिम्मेवार को ?<br>शिक्षकहरुको लागि विषयगत र लेखा तालिम भयो, सामुदायिक विद्यालयका शिक्षक सहभागी भए संस्थागत विद्यालयका भएनन् किन ?<br>विपतको बेला तत्काल गर्ने सक्ने के योजना छ ? | | बालुवा गिट्टीमा बराबर रहने।<br>इट्टाको रेटमा दररेटमा आर्थिक वर्षको सुरुवाटमा जिल्लाबाट आउने भएकाले फेरबदल गर्न नसक्ने ।<br>असारमा बजेट असारमै सक्ने परिपाटी<br>अन्तिम चरणमा ५० पटक भनेर ठेकेदारको कम्जोरी ।<br>कम्जोरी गर्ने ठेकेदारलाई कारवाही गर्न सकेनौ<br>ठेकीपुल नगरपालिकाले गर्ने क्षेत्राधिकार नभएको<br>२०७४ मा आयकर कसैले नतिरेको<br>जब सम्म संस्थागत विद्यालयले कर नतिर्दा सर्टिफिकेट सम्म नदिने ।<br>तालिमका लागि सामुदायिक विद्यालयका ३/३ जनाका दरले सहभागिता गराएको , लेखा संस्थागतलाई रहेको थियो । |
| ९. | रतनराज रेग्मी | पार्दशिता र सुशासन कायम राख्नु पर्ने।<br>समृद्धि र विकासका लागि सबै कार्यक्रम अगाडी बढाउन पुर्व जनप्रतिनिधीको सुझाव गुनासा समेटेर जानु पर्ने<br>निती कार्यान्वयन भएन ।<br>आर्थिक सुशासनको पहलकदमी हुनु पर्ने ।<br>किसानका लागि कृषि निती ।<br>बजार व्यवस्थापन निती<br>सुरक्षाको लागि पहिले कहिलै नहुदा ध्यान दिनु पर्ने ।<br>ताल सम्बन्धि समस्या ।<br>भुमि सम्बन्धि समस्या ,<br>भन्सारको स्तरोन्ती भएन् ।<br>न्यायिक समित क्रियाशिल बन्नु पर्ने ।<br>असारे बजेट अन्त्य हुनु पर्छ ।<br>खानेपानी टंकी संचालन | | |

| | | | | |
|---|---|---|---|---|
| | | हुनु पर्ने । गुलरियाघाटमा पुल बन्नु पर्ने । उपभोक्ताको नियममा एकरुपता हुनु पर्ने । नगर प्रहरी बनाउनु पर्ने समन्वयात्कम सुरक्षाको लागि सिमा क्षेत्रका सुरक्षा बैठक नियमित बस्नु पर्ने । सामाजिक सुरक्षा भत्ता घरघरमा वितरणको व्यवस्था हुनु पर्ने विपत सम्बन्धि जानकारी दिइदैन । | | |
| १०. | गगन विक | • कृषि फर्म दर्ताको लागि कतिवटा भैसी बाखा पाल्नु पर्छ ?<br>• वजेट कसरी दिइन्छ , व्यक्ति हेरेर की नाता हेरेर ? | पशु शाखा | • उपलब्ध नहुने ।<br>• अनुदानका लागि साना किसान नरहेको ।<br>• कार्यविधि अनुसार भएन ।<br>• सबैलाई मिलाएर दिइने ।<br>• अबका दिनमा हुदैन । |
| ११. | सम्झना विक | जनता सामुदायिक पुस्तकालयलाई साथ सर्पोट किन भएन ? पुस्ताकालयको कार्यक्रममा जनप्रतिनिधीको उपस्थिती हुदैन । पुस्ताकालयका लागि बजेट छुट्याउन आवश्यक छ । | | |
| १२. | गोकेन्द्र भण्डारी | • ७५ लाख स्वास्थ्य क्षेत्रमा लागि माग गर्दछु | नगर प्रमुख केवल चौधरी | • कम्तिमा १ करोड रहनु पर्ने |
| १३. | देशराज चौधरी | • बाढीबाट पिडित किसानको लागि बजेट छुट्यायो । असार मसान्तमा ५० रुपैया प्रति कट्ठा घटाएर किन वितरण हुदैछ । बजेट नभएर को ही के हो ? | | • १० हजार ८ सय बाढी पिडित किसान रहेको<br>• जिल्ला प्रशासन कार्यलय र कृषि ज्ञान केन्द्र कैलालीले रातह विरण पठायो । मध्यम किसानले १ सय ७५र ठुला किसान अर्थात ६० कट्ठा भन्दा बढी लाई प्रति कट्ठा ७५ का दरले भनेर तर पछि त्रुटि भयो भनेर पुनः १२५ को दरले हो |

| | | | | |
|---|---|---|---|---|
| | | | | भन्यो ।<br>● क्षतिको विवरण र कार्यविधि अनुसार २१ करोड तथ भजनीमा २ करोड ९२ लाख मात्र आयो । |
| १४. | सिवानी अग्रवाल | ● जनता सामुदायिक पुस्तकालयका लागि बजेट किन विनियोजन भएन् । | केवल चौधरी | अलिअलि भएपनि छुट्टयाएका छौं |
| १५. | देवीराम काफ्ले | अपाङ्गताको क्षेत्रमा कसरी सेवा सुविधा दिइरहेको छ<br>अपाङ्गतामैत्री भवन भएन् ।<br>अपाङ्गताको लागि बजेट हुनस पर्ने<br>अब अपाङ्गतामैत्री बनाउन आग्रह । | सन्देश श्रेष्ठ | डिजाइन ३ तलाको हो । भविष्यमा बन्ने, बजेट भए , र्याम्प बनाको छ ।<br>अबका दिनमा वडा र सबै विद्यालयमा र्याम्प बनाएको छ । |
| | नवराज मिश्र नेपाली काँग्रेस | कृषिमा जोड दिनु पर्ने<br>बाढीपिडितलाई राहत हुनु पर्ने<br>राप्तीनालामा प्राविधिक स्टेमटको आधारमा सरसफाई हुनु पर्ने<br>सामाजिक सुरक्षा भत्ता बर्षमा नविकरण गर्ने प्रावधानमा सुधार गर्नु पर्ने<br>छाडा पशुहरुको व्यवस्थापन,<br>बालीनालीको उत्पादनले बजार नपाउनभएकाले ध्यान दिन | | |
| | खडक बुढा | विकास योजनामा त्रिपक्षिय तालमेल मिलाउनन् पर्ने<br>८ वर्षपछि संस्थागत विद्यालयलाई दोहोरो करको् मारमा ।<br>निमार्ण सामग्रीमा ढुंवानी गर्दा सबै वडामा समानुपातिक नहुने काम | | |

| | | | | |
|---|---|---|---|---|
| | | गर्दा | | |
| | **नारायण ओभ्ना नेकपा माओवादी** केन्द्र | प्राविधिक टिमले काम गर्नु पर्ने ।<br>प्राविधिक स्टेमेटले जनताहरु गुमराहमा पर्ने ।<br>प्राविधिक रुपमा मापदण्ड पर्ने ।<br>उपभोक्तालाई प्रशिक्षित गर्नु पर्ने ।<br>शंका आशंकाको रुपमा योजनाको काम गर्न नहुने<br>स्वास्थ्य,शिक्षा, पुर्वाधार क्षेत्रको वजेटको नियमन हुनेछ । | | |
| | **एकिकृत समानवादीका शेर बहादुर** विक | कर दिने व्यवस्था हुनु पर्ने<br>रोजगारशाखामा २८८० जना मार्फत राप्ती नाला सरसफाई हुनु पर्ने<br>विधिन्न विभेद विरुद्धको लागि वजेट नल्याएको । | | |
| | **डम्बर मिश्र** | टीप्पणीकर्ता | | पहिलोचोटी सार्वजनिक सुनुवाई भएको छ । नगरपालिकाका धेरै कुरा जनताले थाहा पाए । यसलाई निरन्तरता दिनुपर्दछ । |
| | **जयबहादुर बुढा** | टीप्पणीकर्ता | | उठनुपर्ने जति कुरा उठेनन उठेका सवालको पनि राम्ररी जवाफ आएन । आगामी दिनमा हरेक वडा र शाखाका गतिविधि पारदर्शी होओन । |
| | | | सूर्यबहादुर सिंह प्रमुख प्रशासकीय अधिकृत | कार्यालयलाई अनुशासित सुशासित र मर्यादित बनाउने ।<br>ऐन नियम कानुनका कुरालाई शाखागत रुपमा अगाडी बढाउने ।<br>पुर्वाधारको कार्यक्रम ।<br>बाढीपिडित विपतीको लागि पर्याप्त बजेट ल्याउने ।<br>अन्त्यमा रकमान्तर गर्न आउने ।<br>स्वास्थ्य र शिक्षालाई बढि प्राथमिकतामा दिने ।<br>आन्तिरिक राजश्व संकलनमा कमी हुदा बजेट कम भएको ।<br>धेरै बजेट असारमै आउने र खर्च पनि गर्नु पर्ने भएकोले समस्या आएको<br>कहिकतै कमीकम्जोरी आफुबाट भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्वीकार<br>जनताको सेवामा रहदा कहिलेकाही समयमा कार्यक्रममा नदेखिन सक्छु<br>सम्पुर्णको सुझावलाई मनन गर्दै अगाडी बढ्ने। |
| | | | राजु तिरुवा उपप्रमुख | सुधार गर्दै जाने, कमी कम्जोरी भए औंलाइदिन आग्रह<br>अनुगमनलाई प्रभावकारी रुपमा लैजाने ।<br>जनताको सल्लाह सुझाव आए काम गर्न सहज हुने<br>सुधार गर्दै जाने, कमी कम्जोरी |
| | | | केवल चौधरी प्रमुख | १ देखि ९ वडा सम्मका वडा अध्यक्षहरु किन आउनु भएन दुःखी छु ।<br>चारैतिर नदी तथा तालले घेरिएको हुनाले डुबान हुदा किसानहरु पिडामा पर्ने<br>जनताको सुझावलाई अंगिकार गर्ने ।<br>भल्मन्साबाट कार्यक्रमहरु अगाडी बढाउने ।<br>प्राविधिक स्टेमेट अनुसार उपभोक्ताले काम गर्नै पर्ने<br>शान्ति सुरक्षाको समृद्धिको निती लिने<br>नगरमा ठगी  समयममा काम नभएको बारे स्थानिय सरकार कारवाहीको लागि पछि नपर्ने<br>स्वास्थ्यमा कम्तिमा १ करोड हुनु पर्ने<br>सबैजना सँग सहकार्य गर्दै जानु पर्ने<br>राजनैतिक दलहरु पनि जिम्मेवार बन्नु पर्ने<br>छाडा पशु चौपाय नियन्त्रणमा जोड दिने<br>कर्मचारीहरु पैसा असुली गरे कारवाहीको दायरामा ल्याउने<br>काम नगर्ने जो कोहिलाई कारवाही गर्ने । |
| | **डम्बर मिश्र** | टीप्पणीकर्ता | | पहिलोचोटी सार्वजनिक सुनुवाई भएको छ । नगरपालिकाका धेरै कुरा जनताले थाहा पाए । यसलाई निरन्तरता दिनुपर्दछ । |
| | **जयबहादुर बुढा** | टीप्पणीकर्ता | | उठनुपर्ने जति कुरा उठेनन उठेका सवालको पनि राम्ररी जवाफ आएन । आगामी दिनमा हरेक वडा र शाखाका गतिविधि पारदर्शी होओन । |

**सार्वजनिक सुनुवाई सहजकर्ताको तर्फबाट  नगरपालिकालाई सुझाव**

छोटो समयमा कार्यक्रम आयोजना गरेकोमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतल धन्यवादका पात्र हुनुहुन्छ । सबै शाखाले छोटो रुपमा प्रगतिवेदन तयार गरेको छ । पहिलाृ पटक भएपनि नागरिकका जिज्ञासाहरु राम्रै आए । प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धताले नगरपालिकाका सुशासानका क्षेत्रमा आगामी दिनमा प्रगति गर्नेछ भन्ने विश्वास गर्दछु ।

**प्रादेशिक सुशासन केन्द्रलाई सुझाव**

नेपालका धेरै पालिकामा सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि नियम कार्यविधि अझै नबनेकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीयतापछिको स्थानीय तहको संरचना र सेवा प्रवाह अनुसारको नमूना कार्यविधि बनाई उपलब्ध गराउनु पर्ने देखिन्छ ।

सहजकर्ता : एकिन्द्र तिमिल्सेना

हस्ताक्षर :

**समाचार लिंक**

https://tikapurfm.org/news-details/2307/2022-07-05

# कार्यक्रमका फोटोहरु




**Figure 1 सार्वजनिक सुनुवाई भजनी**




**Figure 2 जवाफ दिन तयार प्रमुख उपप्रमुख र कर्मचारीहरु**



**Figure 3 कार्यक्रमका सहभागीहरु**



**Figure 4 प्रतिवेदन प्रस्तुत गर्दै सहजकर्ता ।**

## भजनी नगरपालिकाको आ.व. २०७८/०७९ को सार्वजनिक सुनुवाइको बहिर्गमन अभिमतको नतिजा

भजनी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को विकास योजना र सेवा प्रवाहका बारेमा २०७९ असार २० गते आज भइरहेको सार्वजनिक सुनुवाईका लागि संकलित बहिर्गमन अभिमतको संक्षिप्त विवरण यसप्रकार रहेको छ।

भजनी नगरपालिकाबाट सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीको मत संकलन गरिएको थियो। जसमा २७ जना पुरुष र २३ जना महिला थिए। उनीहरु शिक्षाको हिसावले १० जना साक्षर, १२ जना एसईई, १३ जना प्लस टु, १० जना स्नात्तक र १ जना स्नातकोत्तर थिए। ४ जनाले आफ्नो शिक्षा बताएनन्।

मत संकलन गरीका मध्ये उमेरका हिसावले २० देखि ४० वर्षका ३६ जना, ४१ देखि ६० वर्षका १० जना र ६० वर्षमाथिका ३ जना थिए। १ जनाले आफ्नो उमेर बताएनन्। पेशाका हिसाबले ३२ जना कृषी, ७ जना अध्यायन, ५ जना शिक्षक तथा कर्मचारी र ४ जना व्यापारी थिए। २ जनाले आफ्नो पेशा बताएनन्।

**उनीहरु निम्नानुसारको सेवा लिन आएका थिए**

क) सिफारिस लिन/ पुऱ्याउन -१८

ख) योजनाको किस्ता लिन -३

ग) आर्थिक सहयोग लिन -४

घ) सूचना पार्टीमा टासेको सूचना संकलन गर्न-८

ङ) सूचनामूलक सामाग्री संकलन गर्न-१

च) योजनाको अन्तिम भूक्तानी लिन-८

छ) उपभोक्ता संस्था/संस्था दर्ता नविकरण गर्न -१

ज) योजना मूल्यांकन गराउन -२

झ) अन्य -५

### नगरपालिकाले प्रदान गर्ने सेवाप्रति नागरिकको सन्तुष्टि

| क्र.स. | प्रश्न | सूचक १ | सूचक २ | सूचक ३ | मतविहिन |
|---|---|---|---|---|---|
| १ | तपाईलाई यस कार्यालयबाट सेवा लिदा कोसंग सम्पर्क गर्नुपर्छ भन्ने बारेमा जानकारी दिईयो ? | राम्रोसंग दिईयो ७ | ठीकै ३४ | जानकारी पाईएन ६ | ३ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कत्तिको बुझ्ने जसो लाग्यो ? | राम्रोसंग बुझ्नेजस्तोलाग्यो ३ | ठीकै ३२ | खासै बुझ्नेजस्तो लागेन ११ | ४ |
| ३ | सेवा प्रदायक कर्मचारीले तपाई प्रति देखाएको व्यवहार कस्तो लाग्यो ? | मैत्रिपूर्ण लाग्यो ७ | ठीकै ३६ | अमर्यादित ४ | ३ |
| ४ | तपाईलाई यस कार्यालयबाट सेवा प्राप्त गर्न आवश्यक सूचना(प्रमाण, कागजात र शुल्क दस्तुर) का बारेमा कर्मचारीबाट स्पष्ट जानकारी दिईयो ? | स्पष्ट हुने गरी दिइयो ११ | ठीकै ३१ | दिईएन ५ | ३ |
| ५ | तपाईले यस कार्यालयमा राख्नु भएको समस्याको समाधान दिइयो ? | सरल तरीकाले समाधान दिईयो ६ | ठीकै=३२ | समाधान गरिएन ७ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सेवा दिदा अपनाईएको के कस्तो लाग्यो ? | सरल र छिटो छरीतो ४ | ठीकै ३१ | लामो, झंझटिलो १२ | ३ |
| | **नतिजा** | ३८ | १९६ | ४५ | २१ |

**विश्लेषण :** ५० जना सेवाग्राहीलाई ३/३ वटा सूचक रहेका ६ वटा प्रश्न सोध्दा ३०० उत्तर खोजेका थियौं । जसमध्ये ३८ वटा राम्रो, १९६ ठीकै र नराम्रो अवस्था भन्नेमा ४५ उत्तर देखिएको छ भने २१ वटामा कसैले आफ्नो मत जनाएनन् ।

प्रतिशतको आधारमा हेर्दा नगरपालिकाको सेवा अति राम्रो भन्नेमा १२.६६ प्रतिशत, ठीकै भन्नेमा ६५.३३ प्रतिशत, १५ प्रतिशत सेवाग्राही नगरपालिकाको सेवाप्रति सन्तुष्ट छैनन र कर्मचारीको व्यवहार र सेवा प्रवाहमा सुधारको अपेक्षा गर्दछन् । ७ प्रतिशत सेवाग्राहीले आफ्नो मतै जाहेर गरेनन् ।

## नगरपालिकाको राम्रो लागेको र सुधार गर्नुपर्ने पक्ष

| नगरपालिकाको राम्रो लागेको कुरा/काम | नगरपालिकाका सुझाव/सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| • सोधपुछ गर्ने तरीका राम्रो लाग्यो ।<br>• भौतिक संरचना राम्रो लाग्यो ।<br>• काम छिटो छरितो भयो ।<br>• कर्मचारी र जनप्रतिनिधिको व्यवहार राम्रो | • फिल्डका कामको कर्मचारी र जनप्रतिनिधिले छिटोछरितो अनुगमन गर्नुपर्ने<br>• प्रमुख प्रशासकीय अधिकृत समयमै कार्यालयमा आउनु पर्ने, अनावश्यक रुपमा उपभोक्ताहरुलाई दु:ख दिन नहुने<br>• वडा नम्बर ६ जाने बाटो मर्मत सम्भार गरिनु पर्ने<br>• नगरपालिकाले गर्ने अनुगमन फितलो भएको छ त्यसलाई कडाई गर्नु पर्ने<br>• सेवाग्राहीको समस्या बुझी समस्या समाधानका लागि सम्बन्धित शाखाले आवश्यक सहयोग गर्नु पर्ने<br>• नगरपालिकामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आउने गुनासालाई सुनुवाई गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्ने<br>• नागरिकका आवश्यकता र अपेक्षाका बारेमा राम्रोसंग बुझ्नु पर्ने<br>• योजनाहरुको लागत तयार गरेर वजेट विनियोजन गर्नु पर्ने<br>• आफ्ना मान्छेको काम अगाडि गर्ने र अन्य सोझासाझा उपभोक्तालाई ढिलो गर्नुहुदैन ।<br>• नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरु जनताको कामप्रति वफादार तथा कर्मनिष्ठ हुनुपर्ने<br>• नगरपालिकाबाट हुने फजुल खर्च नियन्त्रणमा ध्यान दिनु पर्ने<br>• नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु टोल टोलमा गई जनताका पिरकर्मा बुझ्नु पर्ने र त्यहि अनुसार काम गर्नु पर्ने<br>• आगामी दिनमा नेपालको संविधान २०७२ ले प्रदान गरेका हरेक मौलिक हकको कार्यान्वियनमा ध्यान दिनुपर्ने<br>• नदीहरुले बढी प्रभावित पार्ने भएका कारण नदिमा पुल निर्माण, तटबन्ध निर्माणमा ध्यान दिनुपर्ने<br>• अल्पसंख्यक तथा पछाडी परेका समुदायलाई विशेष व्यवस्था गरिनु पर्ने<br>• वेरोजगार नागरिकहरुलाई सिपमूलक तालिमको आयोजना गरी रोजगारी तर्फ उन्मुख गराउनु पर्ने<br>• नगरपालिकाबाट प्रदान गरिने सूचनालाई सहजै गाउ तथा टोल वस्तिमा पुगाउने व्यवस्था गरिनुपर्ने<br>• विद्यालय वा बालवालिकाहरुलाई प्राथमिकतामा राखेर नगरपालिकाले काम गर्नुपर्ने । |

**भजनी नगरपालिकाको आ.व. २०७८/७९ को सार्वजनिक सुनुवाइका लागि**

अनुसूची–२

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को बुँदा नम्बर ३.६.१. संग सम्बन्धित

**नागरिक प्रतिवेदन पत्र**

नागरिक प्रतिवेदन पत्रमा ५० जना सहभागी भएका छन् । जसमा ३१ महिला र १९ पुरुष थिए । जातीय हिसावले ३३ जना जनजाति, १२ जना बाहुन क्षेत्री र ५ जना दलित थिए । उमेरका हिसावले २० देखि ४० वर्ष उमेरसमूहका ४२ जना, ४१ देखि ५९ वर्ष उमेर समूहका ७ जना, ६० वर्ष र माथिका २ जना थिए र । उनीहरु २८ जना किसान, ७ जना विद्यार्थी, ३ जना व्यापारी, १२ जना विविध पेशामा आवद्ध थिए । शिक्षाका हिसावले २ जना साक्षर, ९ जना कक्षा १० सम्म पढेका, २८ जना कक्षा +२ उत्तीर्ण, ७ जना स्नातक थिए । ४ जनाले आफ्नो शिक्षा बताएनन ।

प्रश्नहरु

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनु भयो ?

**सन्तुष्ट** (५) **ठिकै** (३६) **असन्तुष्ट** (९ जना)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**सन्तुष्ट** ( ७ जना) **ठिकै** (३७ जना) **असन्तुष्ट** (६जना )

१.३ सेवा लिन जाँदा जनप्रतिनिधिहरुको व्यवहारप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**सन्तुष्ट** (८जना) **ठिकै** (३४ जना) **असन्तुष्ट** (८ जना )

**२. सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नु पर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**सन्तुष्ट** ( ०) **ठिकै** (०) **असन्तुष्ट** (०)

२.२ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?

**तिरेको छैन** (४३ जना) **एकदमै कम** ( ३ जना ) **धेरै तिरेको** (४)

२.३ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेकोछ ?

**१ दिन** (६ जना) **२ दिन** (२३ जना) **धेरै दिन** (२१ जना)

**३. सेवा प्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ,

**विश्वस्त** (८जना) **ठिकै** (३६ जना) अविश्वस्त (६ जना)

३.२ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

**धेरै** (२ जना) **ठिकै** (४६ जना) विश्वास छैन(२ जना)

३.३ विपन्न वर्गको लागि छुट्याईएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको

छ ?

**छ** (६ जना) **छैन** (२८ जना) **अलिअलि थाहा छ** (६ जना) थाह छैन (१० जना)

## ४. सेवाको गुणस्तर

४.१ सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**सन्तुष्ट** (१८ जना) **कम सन्तुष्ट** (२५ जना) **असन्तुष्ट** (७ प्रतिशत)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

**आफै** (३१ जना) **गाउँका अगुवा** (१५ जना) **मध्यस्थकर्ता** (५ जना)

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

**१ पटक** (९ जना) **२ पटक** (१७ जना) **सो भन्दा वढी** (२४ जना)

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयमा भएको नागरिक वडापत्रबारे तपाईलाई जानकारी छ ?

**छ** (०) **आंशिक जानकारी छ** (०) **कुनै जानकारी छैन** (५० जना)

५.२ यस कार्यालयबाट सञ्चालन गरीने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

**२० प्रतिशत जति** (२१ जना) **५० प्रतिशत भन्दा माथि** (३ जना) **थाहा छैन** (२६ जना)

## ६. नागरिक बडापत्र/ उजुरी पेटीका/ गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

**धेरै** ( ०) **कम** (०) **गरेको छैन** (०) **थाहा छैन** (५० जना)

६.२ तपाईको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्रको अनुशरण कत्तिको गरेको जस्तो लाग्छ ?

**धेरै** (०) **ठिकै** (० ) **अति कम** (०) **थाहा छैन** (५० जना)

६.३ तपाईको विचारमा उजुरी पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?

**धेरै भएको छ** (०) **ठिकै भएको होला** (०) **भएकै छैन** (५० जना)

६.४ सेवाग्राही नागरिकको गुनासो सुनुवाई भएको पाउनु भएको छ ?

धेरै सुनुवाई हुन्छ (४ जना) ठिकै (१६ जना) थाह छैन (३० जना)

## ७. सिफारिस सम्वन्धमा

७.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ ( २१ जना) ठीकैपाएँ (१९ जना) स्पष्ट पाइँन ( १० जना)

७.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ (७) थोरै दिएँ (५) मागिएन र दिइएन पनि ( ३८ जना)

७.३ कार्यालयले दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो?

आफैं (१९ जना ) कार्यालयकै मान्छे (२५ जना ) नेता /ठूलाबडा (६ जना)

७.४. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन्?

सबैसँग (३३ जना ) सीमित व्यक्ति सँग (१३ जना ) धेरै वक्यौता उठन बाँकी छ (४ जना )

## ८ सरसफाई र पूर्वाधार सम्वन्धी

८.१ तपाईको वडामा सरसफाई तथा जनस्वास्थ्यसम्वन्धी कार्यक्रम कत्तिको प्रभावकारी छन् ?

राम्रो (७ जना ) ठीकै (३१ जना) प्रभावकारी छैनन (१२ जना )

८.२ तपाईको वडामा सञ्चालन गरेका विकास निर्माणका योजनाहरु कत्तिको गुणस्तरीय बनेका छन्?

गुणस्तरीय छन्(२ जना ) ठीकै छन्(३६ जना ) प्रभावकारी छैनन् (१२ जना)

८.३ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

सजिलै पाइयो (१३ जना ) कहिले काँही पाइयो (२५ जना ) माग गर्दा पनि पाइएन (१२ जना )

८.४. योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (६ जना ) ठीकै (२०) अप्ठयारो (२४ )

८.५. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

दिनु परेन (३७ जना) मागेरै लिए (३ जना ) भन्न चाहन्न (१० जना)

८.६. स्थानीय कार्यालयबाट विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

सजिलै पाइन्छ (१६ जना) सोधेपछि पाइन्छ (१९ जना) पाइदैन (११ जना) नभन्ने ४

८.७. योजना सञ्चालन गर्दा पालिका र वडा कार्यालयबाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै (२ जना ) जोड गरेर पाइन्छ (३७ जना ) निरुत्साहित गरियो (८ जना) जवाफ नआएको ३

## ९. पारदर्शिता सम्वन्धमा

९.१ भजनी नगरपालिकाले यसवर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा ( ) २ वटा ( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन (५० जना)

९.२ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

धेरै( ) ठीकै( ) कम ( ) थाह छैन (५० जना)

९.३ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ ( )कुनै संयन्त्र बनेको छैन ( ) कुनै जानकारी नै छैनं (५० जना )

९.४ भजनी नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (२ जना ) ठीकै जानकारी पाएको छु (१७ जना ) कम जानकारी पाएको छु (२४ जना), नभनेको (७ जना)

# भजनी नगरपालिका

## सार्वजनिक सुनुवाइ कार्यक्रम

<table>
<tr><th>के ?</th><th>प्रष्टिकरण</th><th>को ?</th></tr>
<tr><td>सार्वजनिक सुनुवाइ किन ?</td><td>स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई स्थानीय विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार संस्कार बसाउन ।</td><td>सञ्चालक( एकिन्द्र तिमिलिसना)</td></tr>
<tr><td>सार्वजनिक सुनुवाइको छोटो उद्देश्य</td><td>सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४, सूचनाको हक सम्वन्धी ऐन २०६४, सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि २०६७ र स्थानीय तह संचालन दिग्दर्शन २०७४ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन । संभीय मामिला मन्त्रालय अन्तरगतको प्रादेशिक सुशासन केन्द्र डोटीको सहयोग र नेपाल पत्रकार महासंघ कैलालीको सहजीकरणमा  हुन गैरहेको छ ।</td><td>सञ्चालक</td></tr>
<tr><td>सार्वजनिक सुनुवाईका विषयवस्तुहरु</td><td>• भजनीा नगरपालिकाको  नीति, कार्यक्रम, बजेट तथा प्रगति,<br>• जनगुनासो तथा सुझावको व्यवस्थापन<br>• सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण प्रतिवेदनहरु (पेश्की, बेरुजु समेत)<br>• वडाहरुका सार्वजनिक सुनुवाईमा उठेका सवाल</td><td>सञ्चालक</td></tr>
<tr><td>अध्यक्षता/ कार्यक्रमको उद्देश्य सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी</td><td>केवल चौधरी</td><td>प्रमुख</td></tr>
<tr><td>परिचय</td><td>• उपप्रमुख राजु तिरुवा<br>• निवर्तमान प्रमुखः शेरबहादुर चौधरी<br>• निवर्तमान उपप्रमुख : छायाँ देवकोटा<br>• प्रमुख प्रशासकीय अधिकृत : सूर्यबहादुर सिंह<br>• राजनीतिक दलका प्रतिनिधि<br>नेकपा एमाले : खडक बुढा<br>नेपाली काँग्रेस : नवराज मिश्र<br>नेकपा माओवादी केन्द्र : नारायण ओझा<br>नेकपा (एस) : शेरबहादुर  विक<br>जनता समाजावादी पार्टी<br>नागरिक उन्मुक्ति पार्टी<br>• वडाध्यक्षहरु :<br>• कार्यपालिका सदस्यहरु<br>• वडासदस्यहरु<br>• शाखा प्रमुखहरु<br>• टिप्पणकिर्ताको समूह, : डम्बर मिश्र, जयबहादुर बुढा<br>• हिमालय जोशी, अध्यक्ष नेपाल पत्रकार महासंघ कैलाली तथा पत्रकारहरु<br>• सम्पूर्ण सहभागीहरु</td><td>सञ्चालक</td></tr>
<tr><td>आचार संहिता</td><td>• सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | • सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।<br>• सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ । जिज्ञासा राख्ने समय १ मिनेट हुनेछ ।<br>• सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।<br>• आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।<br>• चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।<br>• सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।<br>• सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।<br>• *सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।*<br>• सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।<br>• प्रश्न लेखेर पनि उपलब्ध गराउन सकिनेछ | |
| **नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत** | | **सञ्चालक** |
| **बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,** | | **सञ्चालक** |
| **भजनी नगरपालिकाको कार्य प्रगति** | प्रशासन शाखाः चन्द्रदेव भट्ट<br>स्वास्थ्य शाखा : कैलाश जोशी<br>पशु सेवा शाखा : हरिलाल जैसी<br>भूमि ईकाई : रेखा चौधरी<br>योजना शाखा झनकराज ओझा, ई विष्णुराज जोशी, ई अनेश श्रेष्ठ<br>शिक्षा शाखा : पंखबहादुर शाह<br>राजश्व शाखा : पूर्ण जोशी<br>सहकारी शाखा : विष्णु न्यौपाने<br>रोजगार शाखा : जीवन चौधरी<br>विपद् जिन्सी : बासुदेव विनाडी<br>लेखा शाखा निर्पराज भटटराई<br>पञ्जिकरण खिमबहादुर पनाडी<br>महिलावालवालिका उपशाखा : रिजु चुकाहा<br>कानून चिरञ्जीवी प्रसाद उपाध्याय<br>कृषि कमलप्रसाद चौधरी<br>लघु उद्यम सुस्मिता चौधरी | **शाखा प्रमुखहरु** |
| प्रश्नोत्तर | लिखित र मौखिक) | **सबै** |
| | टीप्पणीकर्ताको टीप्पणी प्रस्तुत | |
| | दलका प्रतिनिधिहरुको सुझाव | |
| **अन्तमा** | • स्थानीय निकायका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने, स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने, | **प्रमुख** |
| **धन्यवाद ज्ञापन** | केवल चौधरी | **प्रमुख** |

सहजकर्ता : एकिन्द्र तिमिल्सेना हस्ताक्षर :